## नगर कार्यपालिका बैठकबाट भएका मुख्य मुख्य निर्णयहरु

### नगर कार्यपालिका वैठकको मिति २०७४/३/२६ को निर्णय

- नेपालमा लोकतन्त्र, गणतन्त्र एवम् संघियताको स्थापनाको लागि विगत लामो समय देखि पटक पटक भएका अन्दोलनहरुको क्रममा शहदक प्राप्त गर्नुभएका सम्पूर्ण ज्ञात अज्ञात शहिदहरुलाई श्रद्धान्जली अर्पण गर्ने निर्णय गरियो ।
- विगत दुई दशक देखि रित्त रहेको स्थानिय तहमा कर्मचारीहरुबाट कार्य सञ्चालन भै जनतालई सेवा सुविधा प्रदान गर्दे आएकोमा कर्मचारीलाई यस कार्यको लागि धन्यबाद दिने निर्णय गरियो ।
- हालै असार १४ गते सम्पनन स्थानिय तहको निर्वाचन निष्पक्ष, शान्तिपूर्ण तथा भय रहित ढंगले सम्पन्न भएकोमा यस कार्यमा सहयोग गर्नुहुने सम्पुर्ण राजनैतिक दलहरु, कर्मचारीहरु, सुरक्षा निकाय एवं आम जनताई धन्यवाद दिने निर्णय गरियो ।
- शिवसताक्षी नगरपालिका क्षेत्रमा यातायात व्यवस्थापनको सुगमता अभिवृद्धि गर्न निम्नानुसारको चोक/बजार मार्ग समेटेर एक बर्ष भित्रमा रिङ्गरोड तयार गर्ने ।

  धरमपुर चौकबाट पश्चिम दक्षिण लक्ष्मीनारायण स्कुल-स्वागत चौक-धौलेचौक-गुम्बा-सिंगारी होली-कमलपुल हुदै पाँचगाछी पुरानो बजार-त्रिभुवन मा.वि.-टंकरोड-ओडारी चौक-बुलुचोक-विष्णु चौक-रंगियाथान-विखडुब्बा-भेलामुनी-शिवगंज बजार हुदै पुरानो बजार-चन्द्रडागी-ब्याङ्गडाडा-भगवती मा.वि.-वैसाबाडी चौक-चिल्लागढ पश्चिम आँटारी हुदै माइधार चौक ।
- उपयुक्त अनुशार बनिने रिङ्गरोडका विभिन्न चौक/पोइन्टि हरुबाट नगरपालिका भवन ब्याङ्गडाडा सम्म जोड्ने शाखा बाटाहरु समेत १ बर्ष भित्रमा निर्माण गर्ने ।
- ८० (असी) बर्ष भन्दा माथिका जेष्ठ नगरीक तथा 'क' वर्गक अपाङ्गहरुलाई प्रत्येक बर्ष दशैको अवसरमा आन्तरिक श्रोतबाट दशै भत्ता बापत जनहि रु.५००।- (पाँच सय) प्रदान गर्ने । साथै ८० (असी) बर्ष भन्दा माथिका जेष्ठ नगरीक तथा 'क' वर्गक अपाङ्गहरुका लागि प्रत्येक ३-३ महिनामा घर घरमै गई निःशुल्क स्वास्थ्य परिक्षण गर्ने ।
- अति विपन्न वर्गका बालबालिकालाई शिक्षा आर्जनमा सहयोग गर्न मापदण्ड बनाई बढमा बार्षिक १२५ जना सम्मका त्यस्ता अति विपन्न र जेहेनदार विद्यार्थीलाई बार्षिक २ जोडी स्कुल पोशक प्रदान गर्ने ।

### नगर कार्यपालिका वैठकका मितिः-२०७४/४/१ को निर्णय

- मिति २०७४/४/१२ को नगर कार्यपालिका बैढकबाट नगर कार्यपालिका प्रवक्तामा नगर कार्यपालिका सदस्य श्री नविन इजमलाई तोकिएको निर्णय गरियो ।
- यस शिवसताक्षी नगरपालिका नगरक्षेत्र भित्र रहेका विगतदेखी नै चलिआएका चलनचल्तिका बाटो, सडक, पैनीहरु विना अवरोध यथावतै सञ्चालन गर्ने गराउने र कोही कसैले पनि उक्त स्थानमा घर, टहरा, अगायतका भौतिक संरचना निर्माण गर्न नपाउने साथै चल्तिका बाटाघाटा तथा पैनिहरुमा बनिरहेका घर टहरा आदि संरचानाहरुको निर्माणमा तत्काल रोक लगाउने निर्णय गरियो ।

### नगर कार्यपालिका वैठकका मितिः- २०७४/५/२८ को निर्णय

- मिति २०७४ असाढ १४ गते सम्पन्न स्थानिय तहको निर्वाचनले स्थानयि जनप्रतिनिधहरु निर्वाचित गरेको अवस्थामा विगतमा टोल विकास संस्था र वडा नगरीक मञ्चले गर्दे आएको कामहरु अव/उप्रान्त निर्वाचीत जनप्रतिनिधिहरु बाटनै सम्पादन हुने

हुँदा मिति २०७४/५/२८ गते बसेको नगर कार्यपालिका वैठकबाट अजकै मिति देखी टोल विकास संस्थाहरु र नगरीक वडा मञ्चलाई भंग गर्ने निर्णय गरियो । साथै सम्पुर्ण टोल विकास संस्थाहरु र नगरीक वडा मञ्चलाई धन्यवाद दिने निर्णय गरियो ।

**नगर कार्यपालिका वैठकका मितिः- २०७४/७/१३ को निर्णय**

- महागुरु धर्मगुरु फाल्गुनान्दको जन्म जयन्तिको अवसरमा आगामि मिति २०७४/७/२५ गते नगर क्षेत्र भित्र सार्वजानिक विदा दिने निर्णय गर्ने ।

**नगर कार्यपालिका वैठकका मितिः- २०७४/७/२१ को निर्णय**

- उक्त प्रस्तावमा छलफल गर्दा शिवसताक्षी न.पा. वडा नं. ३ बस्ने दुर्गा प्रसाद सम्वाहाम्फे र धनमाया सम्वाहाम्फे लिम्बुले नगर अस्पताल निर्माणका लागि शिवसताक्षी न.पा. वडा नं. ३ मा रहेको ज.वि.१-१३-० -एक विगहा तेह्र कट्ठा जमिन उपलब्ध गराएकोमा न.पा.को तर्फ बाट हार्दिक धन्यवाद दिदै उक्त जमिनमा अस्पताल निर्माण गर्न प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

**नगर कार्यपालिका वैठकका मितिः- २०७४/८/१३ को निर्णय**

- नगरपालिकाको नगर स्तरीय योजनाको विष्तृत खाका तयार पार्न निम्नानुसारको शिवसताक्षी नगर योजना आयोग गठन गर्ने निर्णय गरियो ।

**निम्नः**

नगर प्रमुख -संयोजक

नगर उप प्रमुख - सदस्य

कार्यपालिकाले तोकेको कम्तीमा १ महिला सहित ९ जना -सदस्य

नगरपालिकाको योजना हेर्ने इन्जिनियर- सदस्य

नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृत -सदस्य सचिव

**कार्यपालिकाले तोक्ने ९ जना सदस्य देहाय वमोजिम तोक्ने निर्णय गरियो ।**

१) वडा नं. ४ का वडाध्यक्ष श्री अधिकचन ताजपुरिया

२) शिवसताक्षी ५ बस्ने श्री टंक नाथ ढुंगेल

३) शिवसताक्षी ११ बस्ने श्री  डिल्लीरमण खतिवडा

४) शिवसताक्षी ६ बस्ने श्री सीताराम भेट्वाल

५) शिवसताक्षी ३ बस्ने श्री राधाकृष्ण खनाल

६) शिवसताक्षी ११ बस्ने श्री डाम कुमार कुँवर

७) शिवसताक्षी ७ बस्ने श्री डम्वर अधिकारी

८) शिवसताक्षी २ बस्न श्री गणेश राजवंशी

९) शिवसताक्षी ४ बस्ने श्री निशा सुब्वा

१०) नगरपालिकाको योजना हेर्ने ईन्जिनियर -महेश भण्डारी

- शिवसताक्षी नगरपालिका अन्तर्गतको नगर शिक्षा समितिमा देहाय वमोजिम रहने गरी नगर शिक्षा समिति गढन गर्ने निर्णय गरियो ।

<u>**देहाय**</u>

नगर प्रमुख -संयोजक

नगर उप प्रमुख - सदस्य

नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत - सदस्य

विद्यालयका प्रधानध्यापकहरु मध्येवाट कार्यपालिकाले तोकेको ३ जना -सदस्य

संस्थागत विद्यालयहरुबाट कार्यपालिकाले  तोकेको २ जना -सदस्य

सामुदायिक विद्यालयहरुवाट महिला शिक्षिका मध्ये कार्यपालिकाले तोकेको १ जना -सदस्य

विद्यालय व्यवस्थापन समितिहरुवाट कार्यपालिकाले तोकेको १ जना -सदस्य

शिक्षकहरु आवद्ध ट्रेड युनियनहरु मध्येवाट कार्यपालिकाले तोकेको २ जना -सदस्य

नगरपालिकाको शिक्षा क्षेत्र हेर्ने अधिकृत -स.सचिव

**नगर कार्यपालिकाले तोक्ने पदाधिकारीहरु निम्नानुसार तोकेको निर्णय गरियो ।**

<u>**प्रध्यानाधयापकहरु मध्येबाट**</u>

१) वेणु कार्की -वाल सेवा नि.मा.वि

२) खगेन्द्र अधिकारी - मोती मा.वि.

३) जगतवीर तुम्बापो - सूर्यदय आधारभुत विद्यालय

<u>**संस्थागत विद्यालयहरु मध्ये बाट**</u>

१) डिगम पराजुली - रेडरोज ई. स्कुल शिवसताक्षी -१०

२) भीम बहादुर लिवाङ्ग - धुर्वतारा स्कुल शिवसताक्षी -०९

<u>**सामुदायिक विद्यालयका शिक्षकहरु मध्येवाट**</u>

१) दुर्गा भण्डारी (अधिकारी) - राष्ट्रिय रमणिय मा.वि., दुधे

<u>**विद्यालय व्यवस्थापन समिति मध्येबाट**</u>

१) छविलाल पाढक - ९ नं वडाध्यक्ष (सतासी आ.वि)

<u>**शिक्षकहरुका ट्रेड युनियनबाट**</u>

१) दीपक न्यौपाने - झिलझिले मा.वि. वडा नं. ८

२) जय नारायण अधिकारी - समाजिक आदर्श आधरभुत विद्यालय, वडा नं. ७

- शिवसताक्षी नगरपालिका क्षेत्रमा रहेको सुकुम्बासी तथा अव्यवस्थित वसोवास एवं नगर क्षेत्र भित्रका सार्वजनिक ऐलानी पर्ति जग्गाहरुको लगत संकलन गर्न तथा भूमी व्यवस्थापन सम्बन्धि कार्यमा नगरपालिका लाई राय,सुझाव र सहयोग प्रदान गर्न निन्नानुसारको भूमि व्यवस्थापन समिति गढन गर्ने निर्णय गरियो ।

<u>**निम्न**</u>

नगर कार्यपालिकाले तोकेको भुमि व्यवस्थापनको क्षेत्रमा अनुभव प्राप्त व्यक्ति - संयोजक

नगर कार्यपालिकाले तोकेको व्यवस्थापनको क्षेत्रमा अनुभव प्राप्त व्यक्तिहरु मध्ये कम्तीमा १ महिला सहित ७ जना

नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत - स.सचिव

**नगर कार्यपालिकाले देहाय वमोजिम रहने गरी तोक्ने निर्णय गरियो ।**

१) भुमि व्यवस्थापन समिति संयोजकमा शिवसताक्षी न.पा. वडा नं. ९ बस्ने श्री धन बहादुर थेवे - संयोजक

२) दिपेश राई (शिवसताक्षी २) - सदस्य

३) मेगाहाङ्ग थोप्रा (शिवसताक्षी ९) - सदस्य

४) यसोदा विमली (शिवसताक्षी ५) - सदस्य

५) पदम प्रसाद शिवाकोटी (शिवसताक्षी ६) - सदस्य

६) पर्शुराम अधिकारी (शिवसताक्षी ११) - सदस्य

७) उदय बहादुर खत्री (शिवसताक्षी ८) - सदस्य

८) डम्वर कुमारी तिम्सिना (शिवसताक्षी १०) - सदस्य

९) नारदमणि न्यौपाने (शिवसताक्षी ११) - सदस्य

१०) विष्णु खतिवडा (शिवसताक्षी ०६) - सदस्य

➢ शिवसताक्षी नगरपालिका क्षेत्रलाई समेट्ने गी निर्धारण गरिएको नगर चक्रपथ निर्माण गर्न निम्नानसार गर्ने निर्णय गरियो ।

**निम्नः**

१) रिङ्गरोडको क्षेत्रभित्र ४ स्थालवाट (माईधार-वैसावाडी, बैसावाडी-घोगाबस्ती, घोगाबस्ती-कमल पुल र कमल पुल-आष्ट्रिज फर्म उत्तर प्रेम अधिकारीको घर सम्म वडा नं. ९ कार्य पारम्भ गर्ने

२) उक्त ४ स्थानका स्थानियावसीहरुको भेलाबाट उपभोक्ता समिति सम्बन्धित क्षेत्रमका वडाध्यक्ष ज्युहरुको रोहवरमा उपभोक्ता समिति गठन गर्ने ।

३) उपभोक्ता समिति मार्फत सडकको क्षेत्रको रेखाङ्कन गर्ने, माटो पुराइ र ग्राभेल गर्ने काम गर्ने ।

➢ नगरपालिकाबाट क्यान्सर, मृगौला र मुटु रोगीलाई दिइदै आएको आर्थिक सहायतालाई व्यवस्थित गर्न निम्नानुशारको, मापदण्ड तयार गर्ने निर्णय गरियो ।

**निम्नः**

१) क्यान्सर रोग लागेको प्रमाणि भएको नगरवासी जो कोही लाई सहायता उपलब्ध गराउने ।

२) मुटु रोग सम्वन्धि मुटुमा प्वाल परेको, मुटुको अप्रेशन गर्ने पर्ने वा अप्रेसन गरेको ३ महिना अघि या पछीको समय भित्र र मुटुको भल्व फेरेको ३ महिना भित्र आर्थिक सहायता माग भई आएको नगरवासीहरुलाई १ पटकका लागि आर्थिक सहायता उपलब्ध गराउने ।

## नगर कार्यपालिका वैठकका मितिः- २०७४/९/१० को निर्णय

- यस नगरपालिका क्षेत्र भित्र धना बस्तीमा पुरानो घर नियमित गर्ने सम्दर्भमा नापी नकशामा कायम रही दुई ठुला सडकहरु जोड्ने ५० मी. भन्दा कम लम्वाईका गल्लीहरुको रुपमा रहेमा तथा सो गल्लीको सिमानामा बनेको घरहरुको मोहोडा र प्रवेशद्धर ती ठुला सडक तर्फ कायम रहेको पाइएमा उल्लेखित गल्तिहरुलाई गल्ली/सडको रुपमा प्रयोग नगर्ने गरी उक्त घर नक्सा नियमित गर्ने निर्णय गरियो ।

- नगर सभाबाट सडक ग्राभेल, स्तरोन्नती जस्ता सडक सँग सम्बन्धित योजनहरुको लागि रमक विनियोजन गरेकोमा ट्र्याक नखुलेको बाटो बिस्तार गर्नुपर्ने देखिएको, नाला निर्माण गर्नु पर्ने देखिएको सडकको हकमा लागत इष्टिमेट तयार गर्दा माटोको कामको समेत लाई तयार गर्ने र नगर सभाको निर्णय वमोजिम उपभोक्ता समितिले श्रम सहभागिता जुटाउने निर्णय गरियो ।

- यस नगर क्षेत्र भित्र संचालनहुने वडा स्तरीय, नगर स्तरीय, जिल्ला स्तरीय, प्रदेश स्तरीय एवं केन्द्र स्तरीय भौतिक पूर्वधारका योजनाहरु कार्यान्वयन गर्ने कार्यमा अवरोध गर्ने व्यक्तिलाई सम्झाई, बुझाई कार्यन्वय तर्फ अगाडी बढ्दा समेत अवरोध जारी राखी नगरको विकासमा वाधा पुर्‍याउने व्यक्तिलाई वडा तथा नगरबाट उपलब्ध गराउने सेवा सुविधा रोक्का गर्ने निर्णय गरियो ।

- यस नगर कार्यपालिकाका सदस्य शिवसताक्षी न.पा. वाड नं. ८ निवासी राम बहादुर सार्की (अछामी) मिति २०७४/०८/२४ गते असमायीक निधनले नगर कार्यपालिका लाई अपुरणिय क्षति भएको छ । स्व. राम वहादुर सार्की (अछामी) का परिवारमा हार्दिक समवेदना सहित स्व. राम वहादुर सार्की (अछामी) प्रति हार्दिक श्रद्धानजली अर्पण गर्दछौ । साथै निजको निधन भएको अवस्थामा नगरपालिकाको तर्फवाट रु.५०,०००।-(पचास हजार मात्र) नगद रकम उपलब्ध गराउने र श्रद्धानजली कार्यक्रममा भएको विल अनुसारको खर्च अनुमोदन गर्ने निर्णय गरियो ।

## नगर कार्यपालिका वैठकका मिति २०७४/१०/२१ को निर्णय

- यस नगरपालिकाले प्रकाशित गर्ने विभिन्न प्रकाशन गर्ने गरी शिवसताक्षी नगरपालिकाको राजपत्र संचालन गर्ने निर्णय गरियो ।

## नगर कार्यपालिका वैठकका मिति २०७४/१०/२५ को निर्णय

- नगर कृषि विकास समितिमा देहयका पदाधिकारी रहने गरी एक नगर कृषि विकास समिति गढन गर्ने र निम्नानुसारका पदाधिकारी रहने गरी एक  नगर खेलकुद विकास समिति गढन गर्ने निर्णय गरियो ।

## नगर कार्यपालिका वैठकका मितिः-२०७४/११/६ को निर्णय

- दुधे खेल मैदान, झिलझिले नगरस्तरीय वसपार्क, नगरस्तरीय शितभण्डार र नगरस्तरीय पोहोर व्यवस्थापन क्षेत्रको लागि जग्गा खोजि गर्ने र निम्न वमोजिमको जग्गा छनोट समिति गठन गर्ने निर्णय गरियो ।

**तपशिल**

१. अधयक्ष नगर प्रमुख श्री चन्द्र कुमार शेर्मा

२. सदस्य नगर उप प्रमुख श्री भोजकुमारी नेपाल

३. सदस्य वडाध्यक्ष वडा नं. ११ श्री भैरव कुमार श्रेष्ठ

४. सदस्य वडाध्यक्ष वडा नं. ९ श्री छविलाल पाठक

५) स.सचिव प्रमुख प्रशासकीय अधिकृत श्री पंकज भुर्तेल

- शिवसताक्षी नगरपालिकाका निर्वाचित जनप्रतिनिधिहरुको पोषाक देहाय बमोजिम पोषाक निर्धारण गर्ने निर्णय गरियो ।

**<u>तपशिल</u>**

१) महिला जनप्रतिनिधिको लागि

ढाकाको साडी, ढाकाको चोली र सल

कोट (महिला र पुरुषको एकै रङको)

कालो रङको जुत्ति

२) पुरुप जनप्रतिनिधिको लागि

क्रिम रङको दौरा सुरुवाल

कोट (महिला र पुरुषको एकै रङको)

आफुखुशी नेपाली ढाका टोपी

कालो रंगको जुत्ता (छालाको)

माथि  उल्लेखित पोषकको रकम जनप्रतिनिधि स्वयंले खरिद व्यहोर्ने निर्णय गरियो ।

**नगर कार्यपालिका वैठकका मितिः-२०७४/११/१६ को निर्णय**

- यस नगरपालिका क्षेत्र भित्रका सवै विद्यालयहरुलाई पदपूर्ती, आन्तरिक रुपमा सहमति, जिल्लान्तर सरुवा सहमति तथा आपसि सहमति जस्ता कार्य नगरपालिकाको अनुमति विना नगर्न नगराउन निर्देशन दिने निर्णय गरियो ।